# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## मिक्वाखोला गाउँपालिका

## ताप्लेजुङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

**महालेखापरीक्षक**

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १**

पत्र संख्याः २०७८।७९
च.नं. ५००
मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मिक्वाखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ताप्लेजुङ ।

**कैफियतसहितको राय**

हामीले मिक्वाखोला गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ।
२. लेखापरीक्षणबाट रू ५ करोड ३९ लाख १० हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियावाट रु ३ करोड ४० लाख ९१ हजार फछ्र्यौट भई बाँकी बेरुजु रु १ करोड ९८ लाख १९ हजार कायम भएकोमा सोमध्ये असुल गर्नुपर्ने रू ४ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू २९ लाख ३१ हजार, नियमित गर्नुपर्ने रू १ करोड ४६ लाख ६५ हजार र पेश्की रु १८ लाख रहेको छ ।गाउँपालिकाको गत वर्ष १ करोड ५१ लाख ३३ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु ३ करोड ४९ लाख ५२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

मिक्वाखोला गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | ३४ | ५३९१० | ० | ६ | ३४०९१ | ४० | २८ | १९८१९ | ४२३ | १४६६५ | २९३१ | ० | ० | १७५९६ | १८०० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मिक्वाखोला गाउँपालिका ताप्लेजुङ | १५२३४ | ० | १०१ | १५१३३ | ० | १९८१९ | ३४९५२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ , मैवाखोला गाउँपालिका , ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | यूनिल राई | २०७८-१२-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | प्रशान्त खतिवडा | २०७६-९-३ | २०८०-३-२३ |
| | | **बेरुजु रकम** | १९,८१९,२१७ |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १,८५,९०,९३० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२,८३,८९,८१० | चालु खर्च | १६,२७,२६,१०५ |
| प्रदेश सरकारबाट अनुदान | १,७१,२१,००० | पूँजीगत खर्च | ८,३८,१०,०९१ |
| राजश्व बाँडफाँट | ४,९३,६६,३८६ | वित्तीय/अन्य व्यवस्था | ३,७२,०१,००७ |
| आन्तरिक आय | ५७,५५,०६५ | | |
| अन्य आय | ४,००,४४,१८३ | | |
| कुल आय | ३४,०६,७६,४४४ | कुल खर्च | २८,३७,३७,२०३ |
| बाँकी मौज्दात | | ७,५५,३०,१७१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | | |

**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ४४३वर्ग किलोमिटर क्षेत्रफल तथा १०१२० जनसंख्या रहेको छ ।

लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।०६।१२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :

**स्थानिय संचित कोषः**स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता आन्तारिक आम्दानी र स्थानीय सरकारबाट संचालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

एकिकृत आयव्यय विवरण

आ.ब. २०७७।७८

मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १८५९०९३० | १ | चालु खर्च | | १६२७२६१०५ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | | ८३८१००९१ |
| | ख) बैंक | १८५९०९३० | | ३ | वित्तीय | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | व्यवस्था भुक्तानी | | | | |
| | | | | २ | राजस्व (आन्तरिक आय) | | ५५१२१४५१ | | क) ऋण भुक्तानी | | | | |
| | | | | | क) आन्तरिक राजस्व | ५७५५०६५ | | | ख) ब्याज भुक्तानी | | | | |
| | | | | | ख) राजस्व बाँडफाँड केन्द्र | ४९३६६३८६ | | | ग) अन्य भुक्तानी | | | | |
| | | | | | ग) | | | ४ | लगानी | | | | |
| | | | | ३ | वित्तिय हस्तान्तरण संघ | | २२८३८९८१० | | ऋण लगानी | | | | |
| | | | | | क) वित्तिय समानीकरण अनुदान | ८२१००००० | | | शेयर लगानी | | | | |
| | | | | | ख) सशर्त | १३६२८९८१० | | | अन्य लगानी | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुदान | | | | | | | | |
| | | | | | ग) समपूरक अनुदान | | | ५ | धरौटी फिर्ता | | १०२६७०० | | |
| | | | | | घ) विशेष अनुदान | १००००००० | | ६ | कोष खर्च | | ८५७१३९ | | |
| | | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १७१२१००० | ७ | सामाजिक सुरक्षा संरक्षण | | २२८०७६७६ | | |
| | | | | | क) वित्तिय समानीकरण अनुदान | ७०२१००० | | ८ | गरिवसंग विश्वेश्वर | | ५३१००० | | |
| | | | | | ख) सशर्त अनुदान | १००००० | | ९ | स्थानिय पुर्वाधार विकस | | ३१९९६९७ | | |
| | | | | | ग) समपुरक अनुदान | १००००००० | | १० | स्थानीय तह प्रशासकीय भवन पुर्वधार | | १७७८७९५ | | |
| | | | | ५ | गरिवसंग | | ५३१००० | ११ | एकीकृत | | ७०००००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विश्वेश्वर | | | | स्वास्थ्य पुर्वाधार व | | | | |
| | | | | ६ | सामाजिक सुरक्षा संरक्षण | | २२८०७६७६ | १२ | वैक मौज्दात | | ७५५३०१७१ | | |
| | | | | ७ | धरीटी प्राप्त | | ३७२७०१५ | | मुल संचित कोष | | ४८३४०२९ | | |
| | | | | ८ | प्रकोप व्यवस्थापन कोष | | | | संचित कोष चालु | | ५५२३१५६ | | |
| | | | | ९ | स्थानिय पुर्वाधार विकस समभ्केदार | | ३१९९६९७ | | संचित कोष पुँजिगत | | ३४११६४२८ | | |
| | | | | १० | कोष तर्फको आय | | १००००० | | धरौटी मौज्दात | | ४२६४७६१ | | |
| | | | | ११ | स्थानीय तह प्रशासकीय भवन | | १७७८७९५ | | आन्तरिक अनुदान खाता | | ५६८०००० | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | धरौटी आय | | | | प्रकोप व्यवस्थापन कोष | | २५९५९० |
| | | | | | | | |
| १३ | एकीकृत स्वास्थ्य पुर्वाधार विकास | | ७०००००० | | बाडफाटबाट प्राप्त राजश्व | | १८८११४२० |
| १४ | | | | | आन्तरिक राजश्व खाता | | २०४०७८७ |
| | जम्मा | | ३५९२६७३७४ | | जम्मा | | ३५९२६७३७४ |

**वित्तीय विवरण विश्लेषण**
:

**वित्तीय विवरणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन .

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन<br>• गाउपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• गाउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन ।<br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । तसर्थ गाउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **बजेट तथा कार्यक्रम**<br>**बजेट पेश, पारित र अख्तियारी**<br>:<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य गाउपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री जिवन कुमार ताम्लिङले मिति २०७७।३।१० मा ३१ करोड १० लाख ८३ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई २०७७।३।११ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४</td><td></td><td></td><td>

**चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च (रु. हजारमा)</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>पूँजिगत खर्च</td><td>८५८१०</td><td></td><td>५३२५</td><td>८०४८४</td><td>५८८८२</td></tr>
<tr><td>चालुगत खर्च</td><td>१६३४९७</td><td>३२८८०</td><td>१९५८४</td><td>१११०३२</td><td>७४८३५</td></tr>
<tr><td>जम्मा</td><td>२४९३०७</td><td>३२८८०</td><td>२४९०९</td><td>१९१५१६</td><td>१३३७१७</td></tr>
<tr><td>प्रतिशत</td><td></td><td>१३।१९</td><td>९।९९</td><td>७६।८२</td><td>५३।६४</td></tr>
</table>

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार रु. २४९३०७ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु.३२८८०अर्थात १३.१९ प्रतिशत, दोश्रो चौमासिकमा रु.२४९०९ हजारअर्थात ९.९९ प्रतिशत र तेश्रो चौमासिकमा रु.१९१५१६अर्थात ७६.८२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनमा मात्र रु १३३७१७ हजार अर्थात ५३.६४ खर्च देखिनुले खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| | | | जम्मा खर्चको तुलनामा |
| आर्थिक विकास | २१६८४ | २०३८०। | ६.४१ |
| पूर्वाधार विकास | ७५५२८ | ५२३०८ | १६.४८ |
| सामाजिक क्षेत्र | ११३६१७ | ९७३६९ | ३0.६७ |
| अन्य कार्य संचालन तथा प्रशासनिक | १०६४७८ | ७९१५५ | २४.९३ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | १४५ | ९४ | ०.०३ |
| जम्मा | ३१७४५२ | २४९३०६ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ३०.६७ प्रतिशत सामाजिक विकासमा र घटी ०.०३ प्रतिशत संस्थागत विकास सेवा प्रवा र सुशानमा रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **लक्ष्य प्रगति**<br>कार्यालयको चौमासिक वार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका संचालित योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन।पालिकाले २१२ कार्यक्रम रहेकोमा सवै कार्यक्रमको ७५ प्रतिशत भन्दा वढि प्रगती देखाएको छ । बजेट खर्च गर्ने तथा तोकीयको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगर्ने व्यक्तिलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **निर्माण कार्य संचालनको अवस्था**<br>गाउँपालकाले पेश गरेको विवरण अनुसार यस वर्ष कुल खर्च रु ५५९६३९४७ खर्च भएकोमा उपभोक्ता समिति मार्फत रु १६५७५ हजार अर्थात २९-६२ प्रतिशत र निर्माण व्यवसायीबाट रु ३९३८९ हजार अर्थात रु ७०-३८ प्रतिशत खर्च गरेको छ । | |
| ८ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>**कर्मचारी करार**<br>:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पारित गरी सोही बमोजिम कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ । गाउँपालिकाले विभिन्न पदमा २१ कर्मचारीहरु करारमा राखि रु ५९१०५८०। खर्च लेखेको छ । | |
| ९ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म उक्त कोषको प्रयोजनार्थ रकम कट्टी गरेको छैन । | |
| १० | | | **स्थानिय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **वडा सचिवको पदपूर्ति**<br>गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | ४ | १ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>
सेवाप्रवाहको स्थिति<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार वटा ऐन,  वटा नियमावली, कार्यविधि वटा र बटा निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ . यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td></td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>३६३</td></tr>
<tr><td>वसाइ सराइ</td><td>८२</td></tr>
<tr><td>विवाहा दर्ता</td><td>५२</td></tr>
<tr><td>सम्वन्ध विच्छेद</td><td>३</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>५७</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>२ कि मि</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>योजना छनोट र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको योजनामा न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ देखि २ लाखसम्मको</th><th>रु २ देखि ५ लाखसम्मको</th><th>रु ५ देखि १० लाखसम्मको</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>२८</td><td>१११</td><td>५७</td><td>६</td><td>१०</td><td>२१२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष २१२ योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र १९६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैं भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्तासँग खरिद नगरेको<br>सार्वजनिक खरिद नियमावली २०६४ नियम १९मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यलयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । उपनियम २ मा बिस हजार रुपैया भन्दा कम रकमको खरिद गर्दा मुल्य अभिवृद्धि कर दर्ता प्राप्त नगरेका संग समेत खरिद गर्न सकिने उल्लेख भएकोमा पालिकाले आवश्यक मालसामान खरिद गर्दा, विभिन्न मितिमा संचालन गरेका तालिम, गोष्ठी, अनुदानमा खरिद गर्दा नियमावलीको व्यवस्था अनुसार दर्ता गरेका संग खरिद नगरी हस्त लिखित भरपाइ पेश गरी खर्च लेखेकोले कानुनको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कानुन निर्माण एंव कार्यान्वयन<br>न्यायिक समिति<br>:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार न्यायीक समितिमा कुनै पनि मुद्धा दर्त भएको पाइयन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **विविध खर्च**<br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ वमोजिमको वजेट अनुमानमा आन्तिरक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर आन्तिरक आय न्युन भएकोमा पालिकाले यस वर्ष विविध तर्फ रु ३३८७००९। खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १७ | | | **नक्सा पास**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ।तर यो वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धि कामकारबाही भएको छैन।त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ। | |
| १८ | | | **स्थानिय तथ्याङ्क र अभिलेख**<br>स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्यांक सम्बन्धि नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन।स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ।तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ। | |
| १९ | | | **पदाधिकारी सुविधा**<br>प्रदेश न १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५, को दफा ३ मा स्थानीय पदाधीकारी , सदस्य र सभाका सदस्यहरुले अनुसुचि १ मा उल्लेख भए बमोजिमको सुविधालाइ अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने उल्लेख छ । जस अनुसार पालिकाले स्थानीय पदाधिकारी तथा सदस्यहरुलाइ अनुसुची १ मा उल्लेख भए बमोजिम यस वर्ष रु ३३४८०००।खर्च लेखेको छ । | |
| २० | | | **वढी सुविधा**<br>९।०७७।६।३० गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखी अनुसुची मा उल्लेख भएबमोजिमको सुविधालाइ अधितम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिम सुविधा मासिक रुपमा पाउने व्यवस्था गरेको छ।पालिकाले पदाधिकारीको मासिक सुविधामा भुक्तानी गर्दा निम्नानुसार सुविधामा अनुसुचीम १ मा उल्लेख गरेको भन्दा वढी दरमा भुक्तानी गरेकोले वढी भुक्तानी असुल गर्नुपर्ने रु. | १०५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | सुविधाको प्रकार | विवरण | भुक्तानी रकम | |
| | | | टेलिफोन | वडाध्यक्षलाई रु. २००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.३००० का दरले भुक्तानी भएकोले ५ वडाको ३ महिनाको वढी भुक्तानी | १५०००। | |
| | | | खाजा | वडाध्यक्षलाई रु. ३००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.५००० का दरले भुक्तानी भएकोले ५ वडाको ३ महिनाको वढी भुक्तानी | ३००००। | |
| | | | पत्रपत्रीका पुस्तक इन्टरनेट | वडाध्यक्षलाई रु. १००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.२००० का दरले भुक्तानी भएकोले ५ वडाको ३ महिनाको वढी भुक्तानी | १५०००। | |
| | | | खानेपानी विजुली महशुल | वडाध्यक्षलाई रु. १००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.२५०० का दरले भुक्तानी भएकोले ५ वडाको ३ महिनाको वढी भुक्तानी | २२५००। | |
| | | | सरसफाइ मर्मत | वडाध्यक्षलाई रु. १००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.२५०० का दरले भुक्तानी भएकोले ५ वडाको ३ महिनाको वढी भुक्तानी | २२५००। | |
| | | | अतिथीसत्कार | वडाध्यक्षलाई रु. ४००० का दरले भुक्तानी गर्नुपर्नेमा रु.५००० का दरले भुक्तानी भएकोले ५ वडाको ३ महिनाको वढी भुक्तानी | १५०००। | |
| | | | जम्मा | | १०५०००। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **स्वकीय सचिव**<br>गाउँ तथा गाउँ सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ अनुसार गाउँपालिकाको हकमा अध्यक्ष र उपाध्यक्षले राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यवोझ समेतलाई ध्यानमा राखि कार्यपालिकाको निर्णय वमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले स्वकीय सचिव राख्दा आफ्नो आन्तरिक राजश्वको क्षमता लाई ध्यानमा राखी स्वकीय सचिव राख्नु पर्नेमा रु. ५७५५०६५ मात्र आन्तरिक राजश्व रहेकोमा अध्यक्ष र उपाध्यक्ष दुवैले एक एक जना स्वकीय सचिव राखेको पाइयो।यो वर्ष स्वकीय सचिव २ जनाको तलव भत्तामा रु.६९१८६०। भुक्तानी भएको छ।लेखापरीक्षणको क्रममा स्वकीय सचिवलाइ भ्रमण खर्च समेत भुक्तानी भएको पाइयो । | |
| २२ | | | **अनुदान फिर्ता विवरण र उपयोग**<br>**बार्षिक खरिद योजना / गुरुयोजना**<br>:<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ८३८१००९१।पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्वन्धीत निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा यस वर्ष प्राप्त रकम मध्ये खर्च नभई बाकी रहेको रकम २०७८ असार मसान्तमा फिर्ता नगरी वाँकी रहेकोले खर्च नभई बाँकी रहेको निम्नानुसार रकम सम्वन्धित निकायमा फिर्ता गर्नुपर्ने रु<br><table><tr><td>अनुदान प्रदान गर्ने निकाय</td><td>अनुदानको प्रकार</td><td>प्राप्त रकम</td><td>खर्च रकम</td><td>फिर्ता गर्नुपर्ने</td></tr><tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>१३६२८९८१०</td><td>११२२८४८२०</td><td>२४००४९९०।</td></tr><tr><td></td><td>विशेष</td><td>१००००००००।</td><td>४९९८५५७।</td><td>५००१४४३</td></tr><tr><td>प्रदेश सरकार</td><td>समपुरक</td><td>१००००००००।</td><td>५९५४३४४।</td><td>४०४५६५६।</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३३०५२०८९।</td></tr></table>( उक्त बेरुजु कार्यालयको च न. ३३४ मिति २०७८-१०-०४ को निर्णयानुसार प्रतिक्रियाबाट फस्यौंट गरिएको) | |
| २४ | | | **कर दस्तुर एंव आन्तरिक आय**<br>**आयको अनुमान**<br>:<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बाट सहित अनुमानित रु. ४७५६०००। आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा पालिकाले आन्तरिक आय रु. ५७५५०६५। प्राप्त गरेको छ । गाउँपालिकाले आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **राजस्व अभिलेख**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ को उपनियम ३ मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ।पालिकाले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको छ । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र दैनिक प्राप्त भएको आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
